# २ प्रार्थनाः
## आत्मिक पुनर्जागरणको हृदय स्पन्दन

*यस अध्यायका प्रमूख पदहरू हुन्:* प्रेरित १:४,८,१४, मर्कूस १:३५, लूका ५:१६, मत्ती १८:१९,२०, २ कोरन्थी १०:३-५, भजन ५०:२३।

*हृदयमा राखी छोड्नुपर्ने पदः* " 'तिमीहरू दुष्ट र खराब भएतापनि, आफ्ना छोराछोरीहरूलाई कस्तो असल कोसेलीहरू दिनुपर्छ भनेर तिमीहरूलाई थाहा छ। स्वर्गमा रहनुहुने तिमीहरूको परमेश्वर पिताले उहाँलाई अनुरोध गर्नेहरूलाई त असल कोशेलीहरू झन कति धेरै दिनुहोला !'" (मत्ती ७:११ न्यु इन्टरनेशनल रिभाइज्द भर्जन बाइबल)।

**जब परमेश्वरका जनहरू प्रार्थना गर्दछन् तब उहाँ शक्तिशालीपूर्वक आफूलाई परिचालन गर्नुहुन्छ।** बेलायतको प्रख्यात कवि अल्फ्रेड टेनीसनले त्यस देशको नामुद काल्पनिक राजा अर्थरको मृत्युको बारेमा एक कविता रचेका थिए। राजा अर्थरको सरल ग्रामिण जीवनको चित्रण गर्दै त्यस कविता रचेका थिए। त्यस कविताको शिर्षक छ, "इडलिस अभ द किङगः अर्थरको देहावसान।" त्यस कवितामा राजा अर्थर मर्नुभन्दा अघि एक उदगार यसरी व्यक्त गरेको थियो, "संसारले कल्पना गरेको भन्दा बेसी प्रार्थनाद्वारा धेरै कामहरू सम्पन्न भएका छन्।" राजा अर्थर काल्पनिकै भएतापनि उसले व्यक्त गरेको उदगार ठिक थियो। बाइबलभरि उल्लेख गरेका ठूला ठूला आत्मिक पुनर्जागरणहरूमा प्रार्थनाहरू भरिएका छन्। आत्मिक पुनर्जागरण ल्याउनको निम्ति पुरानो करारका अग्रज पूर्खाहरू र अगमवक्ताहरूले प्रार्थना गरेका थिए। मोशा, दाउद र दानियलले शक्तिको निम्ति परमेश्वरसँग प्रार्थना गरेका थिए। नयाँ करारका विश्वासीहरू पवित्र आत्मा खनिनको निम्ति घुँडा टेकेर प्रार्थना गरेका थिए भनेर प्रेरितहरूको पुस्तकले बताउँदछ।

बल र वुद्धिज्ञानको निम्ति स्वर्गका परमप्रभु परमेश्वर पितासँग हरदम प्रार्थना गर्नुहुन्थ्यो भनेर येशूको जीवनले देखाएको थियो। येशूको आत्मिकी शक्तिका विभिन्न उदाहरणहरू सुसमाचारका पुस्तकहरूले

हामीलाई छर्लङ्ग पारेका छन्। परमेश्वर पितासँग एक्लै घुँडा टेकेर नै मुक्तिदाता येशूले आफ्नो जीवन संचालन गर्न अत्यन्त ठूलो शक्ति पाउनुभएको थियो।

"केवल प्रार्थनाद्वारामात्र आत्मिक पुनर्जागरणको अपेक्षा गर्न सकिन्छ।" एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक १, पृ. १२१बाट रूपान्तरित। प्रार्थनाद्वारा कतिका महान् आत्मिक जागरणहरू ल्याएका थिए भनेर बाइबलमा उल्लेखित केहि वृतान्तहरूबाट यस अध्यायमा हामी सिक्नेछौं।

## १. प्रेरितहरूको पुस्तकमा उल्लेखित प्रार्थना र आत्मिक पुनर्जागरण (प्रेरित १:४,८,१४)

येशूको निर्देशन मुताविक (प्रेरित लूका २४:४९) पुरुष र महिला गरेर एक सय बीस जना चेलाहरू (प्रेरित १:१५) एक मन भएर प्रार्थना गरीरहेका थिए। त्यसबेला अचम्म तरिकाले जीब्रो जस्तो आगोको ज्वालारूपी पवित्र आत्मा तिनीहरूमाथि खनिएको थियो। परमेश्वरबाट आएको शक्तिले तिनीहरू भरिएको थियो। त्यसबेला तिनीहरू बसेको घर हल्लेको थियो। त्यस घरको अगाडि यरुशलेममा तिर्थ यात्रा गर्न आएका विभिन्न देशका हजारौं यहूदी श्रद्धालुहरू भेला भएको थियो। येशूका चेलाहरूले परमेश्वरको महिमा गरेर प्रशंसा गरीरहन्दा विभिन्न देशबाट आएका विभिन्न भाषाहरू भएका यहूदीहरूले आआफ्नै भाषामा प्रभुको स्तुति सुने। त्यो अचम्म मानेर बुझ्न खोज्दा तिनीहरूको सामु पत्रुस उभिएर येशूको बारेमा पवित्र आत्माको अगुवाइमा जोशिलो भएर प्रचार गरे। त्यसबेला मानिसका हृदयहरूमा उसको प्रचारको छाप परेको थियो जसको फलस्वरूप कतिपय श्रोतावर्गहरूको जीवन परिवर्तन भएको थियो। हजारौं मानिसहरूले आफ्ना जीवन येशूलाई सुम्पे। अत्यन्त गाऱ्हो तथा अप्ठ्यारो ठाउँहरूमा सुसमाचार प्रचार गरियो। प्रेरित २ अध्यायको अनुसार तिन हजार मानिसहरू चर्चमा समावेश भएको थियो (प्रेरित २:४१)। पछि फेरि चर्चमा समावेश भएका केवल पुरूषहरूमात्र पाँच हजार जना थिए भनेर प्रेरित ४:४मा उल्लेख गरिएको छ। अझ धेरै धार्मिक अगुवा तथा पण्डितहरू येशूमा निष्ठावान भए ६:७)। तिनीहरू येशूको पालामा

उहाँका परम शत्रु भएका थिए। चर्च वृद्धिको वृतान्तको निरन्तरता प्रेरित ९सम्म उल्लेख गरिएको छ। सारा यहूदीया, **गालिली** र सामारियाका चर्चहरूमा शान्तको रमाहट फैलिएको थियो (प्रेरित ९:३१)। सुसमाचारको प्रचारको वृतान्त प्रेरित ९-१२सम्म पुग्दा धेरै राष्ट्र र मानिसहरूमा सुसमाचार पुगिसकेको थियो। रोमी सैनिक हाकिम र इथिइयोपिया देशको महारानीको खजाञ्चीले पनि बप्तिस्मा लिएका थिए। एउटा घरको माथिल्लो कोठाका एकसय बीस विश्वासीहरूबाट (प्रेरित १:१३,१५) फैलिएको सुसमाचार फैलिन्दा फैलिन्दा रोमी साम्राज्यमा प्रथम शताव्धीको अन्तमा दश लाख मानिसहरू इसाई भइसकेका थिए। येशूलाई विश्वास गर्ने विश्वासीहरूको त्यस वृध्दिलाई अचम्म नै मान्नुपर्दछ।

येशूमाथि विश्वास गर्ने त्यस आत्मिक जागरणको रहस्य के थियो त? येशूलाई विश्वास गर्ने अभियान कसरी सुरू भयो त?

**नयाँ करारका चर्चको वृध्दिको प्रमुख कारण के थियो भनेर देहायका पदहरूले बताउँदछन्: प्रेरित १:४,८,१४, "तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभयो, "तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ।... ८ तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।...१४ कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूका साथ यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे।" प्रेरित २:४२, "तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे।", प्रेरित ४:३१-३३, "तिनीहरूले प्रार्थना गरिसकेपछि तिनीहरू भेला भएको ठाउँमा कम्प भयो, र तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र तिनीहरूले साहससित परमेश्वरको वचन बोले। ३२ विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए। ३३ ती प्रेरितहरूले बड़ो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह**

**रहेको थियो।" प्रेरित ६:३,४, "३ यसकारण भाइ हो, तिमीहरू मध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। ४ तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।"**

उन्नाइसौं शताब्धीको अन्तमा र बीसौं शताब्धीको सुरूमा पास्टर आर. ए. टोरे भन्ने आत्मिक पुनर्जागरण ल्याउने एक जना प्रभावशाली प्रचारक थिए। सन् १९०३ देखि १९०५मा बेलायतमा र सन् १९०६ र १९०७मा अमेरिका भरी उनले आत्मिक पुनर्जागरणको अभियान चलाए। इसाईहरू व्यस्त भएर आत्मिक क्रियाकलापमा चासो नदेखाएकोले उनले ठूलो गुनासो व्यक्त गरेका थिए। उनले भने, "प्रार्थना गर्न हाम्रो फुर्सदै छैन। त्यसले गर्दा परमेश्वरको शक्ति पाउन हामीलाई फुर्सदै छैन। धेरै कामहरूमा क्रियाशील त हुन्छौं तर त्यसको अनुपातमा हामी थोरैमात्र सफलता पाइरहेका छौं। इसाई जगतमा हामी धेरै सेवाकार्यहरू गर्दछौं तर केवल थोरै मात्र आत्मपरिवर्तन भएका छन्। मेशिनहरू त धेरै छन तर तिनीहरूबाट केवल थोरैमात्र प्रतिफल पाइरहेकाछौं।" (रूपान्तरित)।

**के तपाईंलाई प्रार्थना गर्न फुर्सद छैन? त्यो कुरा सबैलाई थाहा छ। तर बेफुर्सदबाट समय कसरी निकाल्नुहुन्छ जसले गर्दा प्रार्थना गर्न समय तपाईं निकाल्न सक्नुहुन्छ? प्रार्थना पछि गरौंला भन्ने मनस्थितिलाई सघाउने अनेकन बहानाहरूलाई सम्झनुहोस्। तर आफूले चाहेको अरू सबै गर्न समय पाएको बारेमा सोच्नुहोस्। प्रार्थनामा समय नदिंदा तपाईंले के गुमाइरहनुभएको छ सो आत्मआलोचना गरेर सोच्नुहोस्।**

## २. येशूको प्रार्थनामय जीवन (लूका ५:१६)

**येशूको प्रार्थनामय जीवनमा के तिन विशेष तत्वहरू देखाएका छन् भनेर देहायका पदहरूले यसरी बताउँदछन्: मर्कूस १:३५, "बिहान उज्यालो हुनभन्दा धेरै अघि उठेर उहाँ बाहिर एकान्त ठाउँमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो।" लूका ५:१६, "तर येशूचाहिँ निर्जन स्थानहरूमा गएर प्रार्थना गर्नुहुन्थ्यो।" लूका ९:१८, "एक पल्ट येशू एक्लै प्रार्थना गरिरहनुभएको थियो, चेलाहरू उहाँसँग थिए, र उहाँले तिनीहरूलाई सोध्नुभयो, "मानिसहरूले मलाई को हो भन्छन्?"**

"हामीसँग सम्पर्क राख्न येशूले निरन्तररूपमा परमेश्वर पितासँग सम्बन्ध जारी राख्नुभएको थियो। उहाँले भन्नुभयो, 'जुन वचन म तिमीहरूलाई बोल्छु त्यो मेरो होइन तर मलाई पठाउनुहुने पिताबाट हो।' 'भाऊ खोज्न वा सेवा पाउन मानिसको पुत्र यस संसारमा आएको होइन बरू अरूको सेवा दिन अर्थात् अरूलाई भाऊ दिन आएको हो।' येशूले जे गर्नुभयो त्यो आफ्नो निम्ति होइन तर अरूको निम्ति गर्नुभएको थियो। अरूको निम्ति जीउनु भयो, सोच्नुभयो र प्रार्थना गर्नुभयो। मानिसहरूलाई स्वर्गको ज्योति दिन बिहान बिहानै परमेश्वरसँग घन्टौं समय उहाँले बिताउनु भएको थियो। दैनिक रूपमा पवित्र आत्माको ताजा बप्तिस्मा येशूले पाउनुभएको थियो। नयाँ दिनको एका बिहानै परमेश्वरले येशूलाई निन्द्राबाट ब्युझाउनुहुन्थ्यो। परमेश्वर पिताले येशूको मन र वचनहरूमा अनुग्रहले भरिदिनुहुन्थ्यो। अनि परमेश्वरबाट पाएका त्यस अनुग्रह अरूहरूलाई बाँड्नुहुन्थ्यो।"-एलेन जी ह्वाइट, द रिभ्यु एण्ड हेराल्ड, अगस्ट ११, १९१०बाट रूपान्तरित।

**केको निम्ति येशूले प्रार्थना गर्नुभयो? उहाँको प्रार्थनाले उहाँको कुन अत्यन्त महत्त्वपूर्ण चासोले प्रार्थमिकता पाएको थियो भनेर देखाएको थियो? देहायका पदहरूमा दिएका येशूका प्रार्थनामा धेरै उल्लेखनीय भागहरू छन्। ती मध्ये कुन अत्यन्त महत्त्वपूर्ण भाग हो सो पहिल्याउनुहोस्।**

**यूहन्ना १७:२०-२४, " "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, २१ कि तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्। २२ जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैं तिनीहरू पनि एक होऊन्। २३ म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्। २४ "पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र मेरो महिमा**

देखून्, जुन महिमा, संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो।"

लूका २२:३१,३२, “ “सिमोन, सिमोन, हेर, शैतानले तिमीलाई गहूँजस्तै निफन्ने अनुमति मागेको छ, ३२ तर मैले तिम्रो विश्वास नडगमगाओस् भनेर तिम्रो निम्ति प्रार्थना गरें, र फेरि तिमी मतर्फ फर्केपछि तिम्रा भाइहरूलाई स्थिर गराऊ।”

मत्ती २६:३६-४४, “तब येशू गेतसमनी भन्ने ठाउँमा तिनीहरूसँग जानुभयो, र चेलाहरूलाई भन्नुभयो, “तिमीहरू यहीं बस, मचाहिँ अलि पर गएर प्रार्थना गर्छु।” ३७ र आफूसँग पत्रुस र जब्दियाका दुई छोराहरूलाई लिएर उहाँ शोकित र व्याकुल हुन लाग्नुभयो। ३८ तब उहाँले तिनीहरूलाई भन्नुभयो, “मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ। तिमीहरू यहीं बस, र मसँग जागा रहो।” ३९ अनि उहाँले अलि अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, “हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्।” ४० तब उहाँ चेलाहरूकहाँ आएर तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो, र पत्रुसलाई भन्नुभयो, “के तिमीहरू मसँग एक घण्टा पनि जागा बस्न सकेनौ? ४१ जागा रहो, प्रार्थना गर, र परीक्षामा नपर। आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ।” ४२ फेरि दोस्रो पल्ट गएर उहाँले प्रार्थना गर्नुभयो, “मेरा पिता, मैले यो नपिई हुँदैन भने तपाईंकै इच्छा पूरा होस्।” ४३ उहाँ फेरि आएर तिनीहरूलाई निदाइरहेकै भेट्टाउनुभयो, किनकि तिनीहरूका आँखा लोलाएका थिए। ४४ यसकारण उहाँले तिनीहरूलाई फेरि छोड्नुभयो, र गएर फेरि उही शब्दहरू दोहोऱ्याई तेस्रो पल्ट प्रार्थना गर्नुभयो।"

येशूको जीवनमा प्रार्थनामय जीवन अत्यन्त महत्त्वपूर्ण भाग थियो। पितासँग जीवनलाई गाँसी राख्ने तत्व नै प्रार्थना थियो। प्रत्येक दिन प्रार्थनाद्वारा नै उहाँको पितासँग आफ्नो सम्बन्धलाई नविकरण गर्नुहुन्थ्यो। शत्रुले हानेका अनेकौं तीर, परिक्षा, प्रलोभन तथा परमेश्वरबाट बिचलित हुन खोजाउने तत्वहरूबाट जोगिन र सामना गर्न चाहिने बल र साहस येशूले प्रार्थनाद्वारा पाउनुभएको थियो। त्यसले आत्मिकरूपमा ताजापन र शक्तिको प्रवाह गरेको थियो। लूकाले येशूको प्रार्थनाको समयको बारेमा व्याख्या गर्नुभएको थियो। उनले भन्छन्,

**"जब उहाँले (येशू) प्रार्थना गर्दै हुनुहुन्थ्यो, तब उहाँको अनुहार चम्किलो भएर परिवर्तन हुन्थ्यो। उहाँका वस्त्रहरूचाहिँ बिजुली चम्कन्दा उज्यालो भएझैं हुन्थ्यो।" (लूका ९:२९ रूपान्तरित)।** जब प्रत्येक दिन येशूले प्रार्थना गर्नुहुन्थ्यो तब पितासँगको सम्पर्कले गर्दा उहाँमा नयाँ फुर्ती जाग्दथ्यो। आफ्नो जीवनमा नयाँ आयाम वा नयाँ जीवन थपिरहेको उहाँले महशूस गर्नुहुन्थ्यो।

**तपाईंको जीवनमा परमेश्वरले अचम्मतरिकाले प्रार्थनाको कतिपटक जवाफ दिनुभएको थियो? त्यस समयलाई सम्झिन केहि समय सोच्नुहोस्। ती अनुभवहरू आज सम्झिन्दा तपाईंको प्रार्थनाको जीवन कतिको गहिरो हुनु आवश्यक भएको आभास पाउनुभएको छ?**

## ३. सतसङ्गमा प्रार्थना (मत्ती १८:१९,२०)

प्रायजसो येशूले प्रार्थना गर्दा एक्लै हुनुहुन्थ्यो। तर आफ्ना अत्यन्त नजिकका आत्मिक चेलाहरूलाई आफूसँग प्रार्थना गर्न उहाँ अनुरोध गर्नुहुन्थ्यो। उदाहरणमा एक दिन येशूले पत्रुस, याकूब र यूहन्नालाई प्रार्थना गर्न एक पहाडको टुप्पामा लग्नुभएको थियो। त्यहाँ तिनीहरूलाई प्रार्थना गर्न अन्हाउनुभएको थियो। त्यसबेला उहाँले प्रार्थना गर्दा गर्दै उहाँको रूप परिवर्तन भएको थियो (मत्ती १७:१,२)। आफ्नो जीवनको अन्तिम घडीमा आफूसँग प्रार्थनामा तल्लिन हुन चेलाहरूलाई गेतसमनीको बँगैचामा आह्वान गर्नुभएको थियो (लूका २२:३९-४६)। सत्सङ्गमा एक भएर प्रार्थना गर्दा परमेश्वरबाट असाधारण र अचम्मको शक्तिको प्रवाह हुन्छ भनेर नै येशूले सँगसँगै प्रार्थना गर्न अनुरोध गर्नुभएको थियो।

**मत्ती १८:१९,२० ध्यान दिएर पढ्नुहोस्। सत्सङ्गमा एक भएर प्रार्थना गर्दा के हुन्छ भनेर येशूले भन्नुभएको निर्देशनको बारेमा टिप्पणी गर्नुहोस्। हेर्नुहोस्, "फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ, २० किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।"**

"परमेश्वरका धेरै जनहरू एकसाथ भएर प्रार्थना गरून् भन्ने उद्देष्यलाई मध्य नजर राखेर त्यो वचन येशूले आफ्ना भक्तहरूलाई

दिनुभएको थियो। सबै मिलेर प्रार्थना गर्दा एक्लैले प्रार्थना गर्नुभन्दा ठूलो शक्तिको अपेक्षा गर्न सकिन्छ। सत्सङ्गको प्रार्थनामा परमेश्वरको सुनुवाई बढि हुने भएकाले नै त्यस प्रार्थनाको जवाफको आशा गर्न सकिन्छ। विश्वासीहरूको बीचको एकता, परमेश्वरप्रति तिनीहरूको अगाध प्रेम र एक आपसको निम्ति प्रार्थना निधो नै प्रार्थनाको जवाफ पाउने शर्त थियो।"-एलेन जी ह्वाइट, *द सेन्ट्रल आडभान्स,* फेब्रूअरी २५, १९०३बाट रूपान्तरित।

पिलग्रीम्स प्रोग्रेसका लेखक प्रख्यात जोन बन्यानले एक फेरा भनेका थिए, "प्रार्थना गरिसकेपछि अझ धेरै प्रार्थना तिमीले गर्न सक्छौ। तर तिमीले प्रार्थना नगरूञ्जेल अरू धेरै प्रार्थना गर्न सक्दैनौ।"

भित्री हृदयदेखि मन खोलेर गम्भिर र लगनशील भएर एकसाथ प्रार्थना गर्दा पवित्र आत्माले अचम्म तरिकाले काम गर्नुहुन्छ।

**पत्रुसको अवस्था कस्तो थियो भनेर देहायको अंशमा देखाउँदछ। त्यसबेला विश्वासीहरू एकत्रित भएर बस्दा तिनीहरूको मनस्थिति कस्तो थियो? विश्वासीहरू एकजुट भएर प्रार्थना गर्दा कस्तो खालको शक्तिको प्रवाह हुनेरहेछ भनेर प्रेरित १२:१-१६ले यसरी बताउँदछ, "ती दिनमा हेरोद राजाले मण्डलीका कति जनामाथि कठोर अत्याचार गर्न थाले। २ उनले यूहन्नाका दाजु याकूबलाई तरवारले मारे। ३ यस कामले यहूदीहरू खुशी भएका देखेर पत्रुसलाई पनि पक्रने तरखर गरे। यो घटना अखमिरी रोटीका चाड़को समयमा भएको थियो। ४ हेरोदले पत्रुसलाई गिरफ्तार गरेर झ्यालखानमा हालिदिए, र निस्तारचाड़पछि तिनलाई जनताका सामने ल्याउने विचार गरेर तिनको पहरा गर्नलाई सिपाहीका चार टोलीको जिम्मा लाइदिए। ५ यसरी पत्रुस झ्यालखानमा राखिए, तर तिनको निम्ति मण्डलीले परमेश्वरलाई बड़ो जोशसँग प्रार्थना गरिरहेको थियो। ६ हेरोदले तिनलाई बाहिर निकालिल्याउन खोजेकै रात, पत्रुस दुई वटा साङ्लाले बाँधिएर दुई जना सिपाहीहरूका बीचमा सुतिरहेका थिए। सिपाहीहरू पनि ढोका अगिल्तिर उभिएर झ्यालखानको पहरा दिइरहेका थिए। ७ अचानक प्रभुका एउटा स्वर्गदूत त्यहाँ देखा परे, र कोठरीमा ज्योति चम्क्यो। स्वर्गदूतले पत्रुसलाई कोखामा हिर्काए अनि "छिटो उठ" भनेर तिनलाई जगाए। तब साङ्लाहरू तिनका हातबाट फुस्केर खसे। ८ स्वर्गदूतले तिनलाई भने, "लुगा लगाऊ, र जुत्ता लाऊ।"**

तब तिनले त्यसै गरे। उनले तिनलाई भने,"खास्टो ओढ़ेर मेरो पछिपछि
लाग।" ९ अनि तिनी निस्केर उनको पछिपछि लागे। स्वर्गदूतबाट
गरिएको कुरो साँच्चीकै हो भन्ने तिनलाई थाहै भएन। तर दर्शन देख्दैछु
भनी तिनले ठाने। १० जब पहिलो र दोस्रो पहरा-टोली नाघेर सहरमा
पस्ने फलामे ढोकामा तिनीहरू पुगे, तब त्यो ढोका आफै तिनीहरूका
लागि उघ्रियो, र तिनीहरू बाहिर निस्केर एउटा गल्लीको बाटो भएर गए,
र तुरुन्तै स्वर्गदूत तिनलाई छोड़ेर गए। ११ जब पत्रुसको होश खुल्यो
तब तिनले भने,"अब मलाई साँच्ची नै थाहा भयो, कि प्रभुले आफ्ना दूत
पठाउनुभएर हेरोद राजाको हातबाट, र यहूदीहरूले जे गर्न चाहन्थे ती
सबैबाट मलाई छुटकारा दिनुभयो।" १२ यो कुरा तिनलाई थाहा
भएपछि, तिनी मर्कूस भनिने यूहन्नाकी आमा मरियमको घरमा गए। त्यहाँ
धेरै जना जम्मा भएर प्रार्थना गरिरहेका थिए। १३ तिनले ढोका
ढकढक्याउँदा रोदा नाउँ भएकी नोकर्नी ढोका खोल्न आई। १४
पत्रुसको सोर चिनेपछि त्यो खुशी भएर ढोकै नखोली भित्र दगुरेर गई
"पत्रुस ढोकामा उभिरहेका छन्" भनी खबर दिई। १५ तर तिनीहरूले
त्यसलाई भने,"तँ बौलाही होस्।" तर त्यसले भनेकी कुरा साँच्चै हो भनी
त्यसले जिद्दी गरी। तब तिनीहरूले भने,"त्यो उनको स्वर्गदूत होला।"
१६ तर पत्रुसले चाहिँ ढकढक्याइरहे। ढोका खोल्दा तिनलाई देखेर
तिनीहरू छक्क परे। १७ तिनले "चूप लाग" भनी हातले इशारा गरे, र
प्रभुले तिनलाई कसरी झ्यालखानबाट बाहिर निकाल्नुभयो सो तिनीहरूलाई
बताए। यी कुराको समाचार याकूब र अरू भाइहरूलाई दिनू भनेर तिनी
बिदा भएर अर्कै ठाउँमा गइहाले।"

अदभूत तरिकाले पत्रुस भाग्नु सफल भएको थियो भन्ने कुरामा कसैको दुईमत छैन। स्वर्गदूतले उनलाई झ्यालखानाबाट निस्क भन्ने निर्देशन यस्तो अचम्म थियो की उनले भन्ठाने उनले सपना देखिरहेको छ। त्यस झ्यालखानाबाट बाहिर निस्केपछि मात्र "ए, साँच्चिक्कै रहेछ।" भनेर उनले महशूस गरे। पद ५ र १२मा विश्वासीहरू एकजुट भएर प्रार्थनामा तल्लिन भएर बसेका थिए भन्ने कुरालाई पनि गम्भिर रूपमा हेर्नु आवश्यक छ। सिपाहीहरूको घेरामा पत्रुसलाई कसरी राखिएको थियो त्यो पनि सम्झनुहोस्। कतिपय मानिसहरूले उनको छुटकाराको निम्ति प्रार्थना गर्दा तिनी छुटिएको थियो भन्ने वृतान्तप्रति अचम्म मान्नु

आवश्यकता देखिन्दैन। हामीहरूको माझमा पनि कुनै समस्या र चुनौतीहरू खडा भयो भने हामी पनि एकजुट भएर प्रार्थना गर्नुको विकल्प नभएको भनेर महशूस गर्नु अत्यावश्यक छ।

## ४. हाम्रो असली स्वतन्त्रता (१ कोरन्थी १०:३-५)

प्रार्थना गर्नु किन जरुरत छ के तपाईंले कहिलै गहिरिएर सोच्नुभएको छ? हामीले परमेश्वरसँग पवित्र आत्मा किन माग्नु पर्छ, के तपाईंलाई थाहा छ? के नमागीकन उहाँले पवित्र आत्मा दिनुहुन्न र?

परमेश्वरले हाम्रो आत्मनिर्णयको अधिकार अर्थात् असली रूपमा हामीलाई दिइएको हाम्रो मनले रोज्ने स्वतन्त्रताको अधिकारलाई उहाँले कत्तिको आदर गर्नुहुन्छ, सो कुरा बुझ्न सकेमात्र उपरोक्त प्रश्नका जवाफहरू भरपर्दछन्। उचित र अनुचितलाई पहिल्याउने अधिकार र सक्षमतालाई सुम्पेर परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको थियो। हाम्रो निम्ति के गर्नुपर्ने हो, सो सबै थोक उहाँले गरिरहनुभएको छ। यथार्थमा हामीले प्रार्थना गर्नुभन्दा अघि नै हामीद्वारा उहाँले काम गरिरहनुभएको हुन्छ। तर हामीहरूकै आत्मनिर्णय वा रोज्न चाहने मनस्थितिले गर्दा हाम्रो जीवनमा उहाँको क्रियाकलापलाई सिमित बनाई दिएको छ (भजन ७८:४१,४२)।

प्रार्थना गर्ने दौरानमा हामी यो स्वीकार गर्दछौं कि हामी परमेश्वरमा पूरा भरोसा राख्दछौं। अनि हाम्रो जीवनमा काम गर्नुहोस् भनेर विन्ति गरि उहाँको इच्छा अनुसार हामीलाई परिचालन गर्न उहाँलाई हामी ढुक्क बनाउँछौं। जति धेरै प्रार्थना गर्दछौं त्यत्ति धेरै हामी यो महशूस गर्दछौं कि उहाँको शक्ति वा बल भए हामीलाई पुग्छ। जब हामी प्रार्थना गर्दछौं तब उहाँको पवित्र आत्माले हाम्रो जीवनमा उहाँलाई पाउन अझ धेरै तयार पार्दछन्। जति हामी धेरै प्रार्थना गर्दछौं, त्यति धेरै हाम्रो स्वार्थ, पापी चाहना, दुष्ट महत्वाकाँक्षाहरूलाई क्रुसमा टाँग्न पवित्र आत्मालाई हामीले अनुमति दिन्छौं। परमेश्वर र सैतानको बीचमा ठूलो मतभेदको संघर्ष भइरहेको छ। सैतान भन्छ परमेश्वर न्यायी छैन, परमेश्वर भन्नुहुन्छ म न्यायी छु। ती दुईको संग्रामको बीचमा हामी छौं। कसको कुरा सुनेर हामी कसको पक्षमा उभिने भन्ने निर्णायक घडि पलपलमा हामी परिरहेका हुन्छौं। यदि हाम्रो दिमागलाई प्रार्थनाको

मनस्थितिमा हामीले ढाल्यौं भने उहाँले हाम्रो जीवनलाई परिचालन गर्न अझ धेरै सामर्थ बनाउनु हुन्छ। उहाँको पक्षमा उभिन हामीलाई सशक्त बनाउनुहुन्छ।

**हतियारहरू भिरेर लडाईं गर्नु भनेर पावलले भनेका छन्। उनले भिरेका हतियारहरू कुन् हो त? हेर्नुहोस्, २ कोरन्थी १०:३-५, "किनभने हामी संसारका हौं, तापनि सांसारिक लड़ाइँ त लड्‌दैनौं। ४ किनकि हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ। ५ परमेश्वरका ज्ञानको विरुद्धमा खड़ा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं।" कस्ता खालको लडाईं पावलले उपरोक्त पदहरूमा उल्लेख गरिरहेका छन्? हतियारका ती प्रतिकहरू किन उनले प्रयोग गरिरहेकाछन्? त्यस्तो खालको संग्रामलाई हामीले कसरी बुझ्ने?**

ख्रीष्ट र सैतानको बीचमा भइरहेको वैचारिक युद्ध काल्पनिक, पौराणीक वा मनगढन्ते नभएर साँच्चिकै हो भनेर सेभन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले हामीलाई थाहा छ। त्यस युद्धमा हामी सबै समावेस भएका छौं भनेर हामी सबैलाई थाहा छ। यदि हामीलाई एक्लै छोडियो भने सैतानसँग लड्न हामी कमजोर र निरीह हुन्छौं। हामी आशारहित हुन्छौं। त्यस युद्धमा सफलता पाइरहन हामी येशूसँगको सम्बन्ध जारी राख्नुको विकल्प छैन। त्यो सम्बन्धको अत्यन्त प्रमूख भाग नै हाम्रो प्रार्थनामय जीवन हो। आत्मिक संघर्षको निम्ति हामीलाई आत्मिक हतियारकै आवश्यकता पर्दछ। त्यो हतियार हो, प्रार्थना। त्यो हतियार हामी पल पलमा बोकिरहनुपर्दछ। यदि येशू आफैले प्रार्थना गर्न आवश्यक ठान्नु भएको थियो भने, हामीले त झन कति प्रार्थना गर्नुपर्छ, सोच्नुहोस्।

"आत्मिक ताजापन पाउनको निम्ति साधना तथा ध्यान र प्रार्थना गर्न समय छुटाउनुपर्दछ। प्रार्थनाले हाम्रो जीवनमा कतिको काम गर्नुहुन्छ भन्ने त्यसको मूल्यता जति थाहा पाउनुपर्ने हो त्यत्ति हामीलाई थाहा छैन। संसारको कुनै पनि शक्तिले गर्न नसकेको काम प्रार्थना र विश्वास अर्थात् परमेश्वरमाथिको आस्थाले सम्पन्न गर्न सक्दछन्।"-एलेन जी ह्वाइट, *द मिनिस्त्री अभ हिलिङ्ग*, पृ. ५०९बाट रूपान्तरित।

**खीष्ट र सैतानको बीचमा भइरहेको लडाइँ यथार्थ हो भनेर तपाइँको जीवनमा कसरी अनुभव गर्नुभएको छ? त्यस लडाइँमा विजय प्राप्त गर्न प्रार्थनाले कतिको मद्दत पाएको तपाइँले अनुभव गर्नुभएको छ? प्रार्थना बिना तपाइँको आत्मिक जीवन कतातिर मोडिरहेको होला?**

## ५. सक्रिय बनाउने प्रार्थना (भजन ३४:१)

प्रार्थना गर्ने धेरै उपायहरू छन्। बाइबल खोलेर घुँडा टेक्दै परमेश्वरसँग प्रार्थना गर्नु कतिको निम्ति यथोचित मान्दछन्। अनि तिनीहरूले केही पदहरू पढ्दछन् र तिनीहरूले के पढेका छन् त्यसको भेद खुलाउन परमेश्वरसँग कुराकानी गर्दछन्।

प्रार्थनाका विषयवस्तुहरू पाउन भजनसँग्रहको पुस्तक अत्यन्त असल पाइएको छ। तपाइँले प्रार्थना गर्ने बेलामा कुनै विशेष भजनलाई स्मरण गर्नुहोस्। प्रत्येक पदलाई नियालेर सोच्नुहोस्। अनि ठूलो स्वरले पढ्नुहोस्। अनि त्यस पदलाई व्यक्तिगत गर्न त्यसले तपाइँलाई के भनिरहेको छ सो परमेश्वरसँग छलफल गर्नुहोस्।

कुनै शान्त स्थानमा गएर एक्लै प्रार्थना गर्दा अत्यन्त फलदायी र अर्थपूर्ण भएको कतिले भेट्टाएका छन्। परमेश्वरसँग एक्लै भएको महशूस गर्दा प्रार्थनाको फल पाइरहेको त्यस भक्तले अनुभव गर्दछ। कतिले त भजन गाएर प्रार्थना गर्दा उपयोगी भएको पाउँदछन्।

**प्रार्थनालाई सफल रूपमा सक्रिय पार्न प्रार्थना कसरी गर्नुपर्छ भनेर देहायका पदहरूले बताएको हेर्नुहोस्: भजन ३४:१, "हरसमय म परमप्रभुको प्रशंसा गर्नेछु,**
**उहाँको प्रशंसा निरन्तर मेरो मुखमा हुनेछ।", भजन ५०:२३, " धन्यवाद बलि चढ़ाउनेले नै मेरो महिमा गर्दछ, र त्यसले मार्ग सुधार्छ, यसरी म त्यसलाई परमेश्वरको मुक्ति देखाउनेछु।", भजन ६७:३, " हे परमेश्वर, मानिसहरूले तपाईंको प्रशंसा गरून्,**
**सबै मानिसहरूले तपाईंको प्रशंसा गरून्।", भजन ७१:६, "जन्मदेखि नै मैले तपाईंमाथि भरोसा गरेको छु। मेरी आमाको गर्भबाट मलाई निकाल्ने तपाईं हुनुहुन्छ, निरन्तर म तपाईंकै प्रशंसा गरिरहनेछु।"**

परमेश्वरप्रति राजा दाउदको अगाध श्रद्धा र प्रेम थियो। परमेश्वरको निम्ति उनले रचेका भजन तथा स्तुतिहरूमा उनको भित्री

भावनाहरू झल्काउँछन्। जब हामी परमेश्वरको भलो र प्रेमको बारेमा गहिरिएर सोच्दछौं तब हामीहरूको हृदय पनि उहाँको स्तुति गान गाउन बग्दछ।

बेबिलोनमा (आधुनिक इराक) युद्ध वन्धक बनाइएर आदरणीय ठाँउ ओगटिरहेका परमेश्वरको अगमवक्ता दानिएलले अत्यन्त भाव विभोर भएर प्रार्थनाहरू गरेका थिए। ती मध्ये दानिएल ९:७-१४मा उनले कस्तो खालको प्रार्थना गरेका थिए भनेर उल्लेख गरिएको छ, हेर्नुहोस्, "परमप्रभु, तपाईं धर्मी हुनुहुन्छ, तर तपाईंप्रति भएको विश्वासघातको कारणले सबै देशहरूमा छरपष्ट पारिएका नजिक र टाढ़ा बस्ने, हामी यहूदाका मानिसहरू र यरूशलेम र इस्राएलका जनताहरू लाजले ढाकिएका छौं। ८ हे परमप्रभु, हामी र हाम्रा राजाहरू हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू लाजले ढाकिएका छौं, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं। ९ हामी उहाँको विरुद्धमा बागी भएका छौं, यद्यपि परमप्रभु हाम्रा परमेश्वर कृपालु र क्षमाशील हुनुहुन्छ। १० हामीले परमप्रभु हाम्रा परमेश्वरका आज्ञा पालन गरेका छैनौं र उहाँका सेवक अगमवक्ताहरूद्वारा दिइएका नियमहरू पनि मानेका छैनौं। ११ तपाईंको आज्ञापालन गर्न अस्वीकार गरी सम्पूर्ण इस्राएलले तपाईंको व्यवस्था भङ्ग गरेका छन् र तपाईंदेखि टाढ़ा भएका छन्। "यसकारण परमेश्वरका सेवक मोशाको व्यवस्थामा उल्लिखित सराप र शपथ गरिएका फैसलाहरू हामीमाथि खन्याइएका छन्, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं। १२ हामीमाथि ठूलो विपत्ति ल्याएर हाम्रा विरुद्धमा र हाम्रा शासकहरूका विरुद्धमा बोल्नुभएका वचनहरू तपाईंले पूरा गर्नुभएको छ। यरूशलेमसित आकाशमुनि कहिल्यै नगरिएको व्यवहार गरिएको छ। १३ मोशाको व्यवस्थामा लेखिएजस्तै यी सबै विपत्ति हामीमाथि आएका छन्, तैपनि आफ्ना पापदेखि फर्की तपाईंको सत्यतालाई ध्यान दिएर हामीले परमप्रभु हाम्रा परमेश्वरको कृपा खोजेका छैनौं। १४ हामीमाथि विपत्ति ल्याउन परमप्रभु अनकनाउनुभएन, किनभने परमप्रभु हाम्रा परमेश्वर उहाँले गर्नुहुने सबै कुरामा धर्मी हुनुहुन्छ। तापनि हामीले उहाँको आज्ञा मानेका छैनौं।"

प्रार्थनामय जीवनलाई असल तथा उपलब्धीमूलक बनाइ राख्न के थप्नुपर्छ भनेर पावलले एफिसी ५:२०मा भनेका छन्? हेर्नुहोस्, "सधैं

**सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढ़ाओ।"**

**एफिसी ६:१८ र फिलिप्पी ४:६मा प्रार्थनाको अर्थ के हो भनेर पावलले भनेका छन्। एफिसी ६:१८, "सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो।" र फिलिप्पी ४:६, "हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ।" प्रार्थना गर्दा परमेश्वर हाम्रो नजिक हुने स्वभावलाई तपाईं के भन्नुहुन्छ?**

कसैलाई पनि प्रार्थना यसरी गर्नुपर्छ भनेर सिकाउनु हामी चाहन्दैनौं। तर प्रार्थना गर्दा कसरी गर्ने वा के के समावेश हुनुपर्छ भनेर केहि सुझावहरू यहाँ प्रस्तुत गर्न चाहन्छौं: परमेश्वरसँग प्रार्थना गर्दा उहाँको स्तुति र आराधना गरेर सुरू गर्दछौं। हामीप्रति उहाँको हितको लागि धन्यबाद दिन्छौं। हामीलाई उहाँले गर्नुभएको असल कामको समिक्षा गर्दै उहाँप्रति आभार व्यक्त गर्दछौं। हामीहरूको कमजोर र भुलहरूलाई परमेश्वरको समक्ष स्वीकार गर्दछौं। तिनीहरूको निम्ति हामी क्षमा माग्छौं र त्यस क्षमाको निम्ति धन्यवाद चढाउँछौं। अनि उहाँलाई हाम्रा आवश्यकता तथा खाँचोहरूको अवगत गराउँछौं। तर जब परमेश्वरलाई हाम्रो आवश्यकताहरू भन्दछौं तब नम्र भएर र उहाँमा समर्पित भएर व्यक्त गर्नुपर्दछ। अनि उहाँको शक्ति र ज्ञानमा भरोसा राख्दै हामीहरूको मन उहाँलाई पोखाउँछौं। (उहाँको अगुवाइको याचना गर्दै येशूकै वचन अनुसार उहाँको नाउँमा "आमेन" अर्थात् "पूरा होस्" भनेर प्रार्थनालाई अन्त्य गर्दछौं।

**तपाईंको प्रार्थनाको जीवन कस्तो हुनुपर्थ्यो वा भइरहेको छ? प्रार्थनाको जीवनलाई सुधार्ने तपाईंले केहि आवश्यकता महशूस गर्नुभएको छ? प्रार्थनामा अझ बेसी समय किन बिताउनु हुन्न? यदि बिताउनु भएमा तपाईंको जीवन परिवर्तन हुनसक्छ।**

## उपसंहारः

**थप जानकारीः** "तपाईंको हृदयका चाहना, आनन्द, दुःख, कष्ट, चासो, भय वा श्रद्धाहरूलाई परमेश्वर समक्ष राख्नुहोस्। तपाईंले परमेश्वरलाई

कहिलै पनि थकाउनु हुन्न। तपाईंको शीरमा भएको प्रत्येक कपाललाई गन्नु हुने परमेश्वरले उहाँका सन्तानहरूको हेरचाहलाई वेवास्ता गर्नुहुन्न। 'हेर, धैर्य धारण गर्नेहरूलाई हामी धन्यका भन्छौं। तिमीहरूले अय्यूबको स्थिरताको विषयमा सुनेका छौ, र प्रभुको अभिप्राय देखेका छौ, कि प्रभु कोमल करुणाले भरीपूर हुनु भएको छ र हामीलाई माया देखाएर चासो राख्नु हुन्छ।' (याकूब ५:११ रूपान्तरित)। हामीहरूको पिडाले उहाँको मन छुन्छ। हामीहरूले व्यक्त गरेका हाम्रा दुःख कष्टहरूको बारेमा कसरी प्रार्थना गर्दछौं त्यसप्रति पनि उहाँ संबेदनशील हुनुहुन्छ। हाम्रो दिमागमा खेलाएका सबै अन्यौलताहरू उहाँको समक्ष ल्याउनुहोस्। उहाँको निम्ति कुनै पनि ठूलो भन्ने छैन। सारा संसारहरूलाई उहाँले सम्हाल्नुहुन्छ। सारा जगतको कारोबारमा उहाँले शासन गर्नुहुन्छ। हामीहरूको शान्तलाई खलबल्याउने कुनै पनि सानो कुराहरूप्रति उहाँ आँखा चिम्लिनु हुन्न। हामीहरूको अन्धकार जीवनको कुनै पनि अध्यायका अनुभवलाई उहाँले पढ्न अँध्यारो हुन्दैन। हामीहरूको कुनै पनि समस्याको समाधान गर्न उहाँलाई कठिन छैन। उहाँका कमजोर भन्दा पनि कमजोर भक्तजनहरूले पाएका सानो भन्दा पनि सानो दुःखकष्टलाई उहाँले वेवास्ता गर्नुहुन्न। त्यो सानो कुरो हो भनेर उहाँ भन्नु हुन्न। कुनै पनि मानिसको चिन्तालाई उहाँ पन्छिएर बस्न चाहनुहुन्न। आनन्दले व्यक्त गरेका हाम्रा आभारहरू र हामीहरूको मुखबाट निस्केका प्रार्थनाका सुस्केराहरूलाई स्वर्गका परमपिता परमेश्वरले ख्याल नगरी बस्नुहुन्न। न त उहाँले हामीहरूप्रति गहिरो चासो देखाउन असफल हुनुहुन्छ। 'टुक्रा टुक्रा भएको हृदयलाई उहाँले निको पार्नुहुन्छ। तिनीहरूको घाउलाई उहाँले हेरचाह गर्नुहुन्छ।' भजन १४७:३ रूपान्तरित। परमेश्वर र प्रत्येक मानिससँगको घनिष्ठ सम्बन्ध यस्तो स्पष्ट र पूरा छन् की मानौं हामीलाई हेरचाह गर्ने नजर यस संसारमा उहाँबाहेक अरू कोही पनि छैन। हामी प्रत्येकप्रति उहाँले यस्तो सरोकार राख्नुहुन्छ कि मानौं उहाँको पुत्र दिन हामी बाहेक अरू कोही पनि अर्को मानिस छैन।"-एलेन जी ह्वाइट, *स्टेप्स टु क्राइष्ट*, पृ. १००।

**चिन्तनमनन:**

अ. यदि परमेश्वरलाई हाम्रो बारे सबै कुरा थाहा छ भने हामी किन प्रार्थना गर्ने त? त्यसका जवाफहरू धेरै छन्। तर सबभन्दा महत्त्वपूर्ण जवाफचाहिँ यो हुन सक्छ की जतिसक्यो त्यति पल्ट प्रार्थना गर्न बाइबलले नै निर्देशन दिएको छ। प्रार्थनाले कसरी काम गर्छ सो हामीलाई थाहा नभएतापनि प्रार्थनाको जवाफ पाउनेहरूको अनुभवहरूबाट हामी सिक्न सक्दछौं। प्रार्थना गर्न कतिको जरूरत छ भनेर अरू कुन कुन् कारणहरू तपाईंले प्रस्तुत गर्न सक्नुहुन्छ?

इ. प्रार्थनाको बारेमा एलेन जी ह्वाइटले व्यक्त गरेका उपसंहारमा उल्लेख भएको उदगारहरूलाई प्रार्थना गर्दै फेरि पढ्नुहोस्। त्यहाँ व्यक्त गरेका भावनाहरू कति हौसलाप्रद छन्। विशेष गरेर त्यहाँ व्यक्त गरेका परमेश्वर र प्रार्थना गर्ने बीचको घनिष्टतालाई कसरी वाख्या गरिएको छ सो सोच्नु बुद्धिमानी देखिन्छ। त्यहाँ उल्लेख गरेको अनुसार परमेश्वरसँग नजिकको सम्बन्धमा पस्न तपाईं के गर्न सक्नुहुन्छ, कस्तो निर्णय लिन सक्नुहुन्छ?

ई. **ख्रीष्ट र सैतानको बीचको युद्ध कतिको यथार्थ हो सो सोच्नुहोस्। तपाईंकै चर्चमा त्यो युद्ध कसरी चर्किरहेको छ सो पनि सोच्नुहोस्। सबै जना एकजुट भएर प्रार्थना गर्दा जुनसुकै चुनौति पनि सामना गर्न सक्षम् भएको अनुभवलाई समिक्षा गर्नुहोस्।**